**बैठक संख्याः २०८०/८१-४**

आज मिति २०८०/०६/१० गते बुधबारको दिन बिहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | |
| २ | राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | डिल्ली खड्का | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

२. सन्तोष बोहरा — कास

## मिति २०८०/०६/१० गते बस्ने कार्यपालिका बैठकको कार्यसुची

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. गरिव घरपरिवार परिचय वितरण सम्वन्धमा ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्वन्धमा ।
४. विद्यालय शिक्षक दरवन्दी तेरिज स्वीकृत सम्वन्धमा ।
५. ने.रा. मावि शौचालयमा अपुग बजेट साझेदारी सम्वन्धमा ।
६. स्वास्थ्य चौकी चाँदेमा बर्थिङ सेन्टर निर्माणका लागी साझेदारी सम्वन्धमा ।
७. आर्थिक सहायता सम्वन्धमा ।
८. चालु आव २०८०/८१ का योजना संचालन सम्वन्धमा ।
९. कर्मचारी भर्ना सम्वन्धमा ।
१०. मूख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना संशोधन सम्वन्धमा ।
११. सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा ।
१२. विविध सम्वन्धमा ।

**निर्णय नं १:**

यस अघि मिति २०८०/०५/१२ गते बसेको गाउँ कार्यपालिकाको तेस्रो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा व्यापक छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं २:**

भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय द्धारा गाउँपालकाको समन्वयमा गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण अन्तरगत देहाय बमोजिमका गरिव परिवार परिचय पत्र मन्त्रालयबाट स्वीकृत भइ प्राप्त भएकाले उक्त परिचय पत्रहरु गाउँपालिकाको कार्यालयबाट गरिव परिवार परिचय पत्र वितरण कार्यविधि २०७९ बमोजिम वितरण गरी अभिलेख राख्ने निर्णय गरियो।

तपशिलः

| सि.न. | परिचयपत्रको किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अति गरिव (रातो) | ३७ थान | |
| २ | मध्यम गरिव (पहेलो) | १४३ थान | |
| ३ | सामान्य गरिव (हरियो) | १७४ थान | |
| | जम्मा | ३५४ | |

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकामा आव २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस सिद्ध कुमाख गाउँपालिकामा पहिलो चरणमा रोजगारी सिर्जनाका लागी नेपाल सरकार तर्फ रु २६,८०,०००।- बजेटबाट वडा नं १, ४ र ५ मा छनौट भएका योजनाहरुमा र आइ.डि.ए. तर्फ रु २३,०३,०००/- बजेटबाट वडा नं २ र ३ वडाहरुबाट छनौट भएका योजनाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि बमोजिम सुचीकृत बेरोजगारहरुका लागी कार्यान्वयन गर्ने गरी वडा कार्यालयबाट पेश भए बमोजिम योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिका अन्तरगत कार्यदलको विस्तृत प्रतिबेदन शिक्षा समिति र गाउँ कार्यपालिका बैठको निर्णय अनुसार विद्यालय शिक्षक दरवन्दी मिलान कार्य सम्पन्न भई सकेकोले नयाँ कायम भएको दरबन्दी तेरिज देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

## आधारभुत तह ०-५ को दरबन्दी तेरिज

| क.स. | विद्यालयको नाम | दरबन्दी मिलान पछी कायम हुने शिक्षक संख्या( दरबन्दी/अनुदान तेरिज) | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | गा. पा. | जम्मा | वालविकास |
| 1 | महेन्द्र आदर्श मा.वि.बाँझकाँडा सल्यान | ४ | १ | 0 | ५ | १ |
| 2 | सिद्ध माध्यमिक विद्यालय भडारे सल्यान | ३ | १ | 0 | ४ | १ |
| 3 | देउराली माध्यमिक विद्यालय कालालेख सल्यान | ३ | 0 | 0 | ३ | १ |
| 4 | निराजन माध्यमिक विद्यालय ढोरचौर सल्यान | २ | १ | १ | ४ | १ |
| 5 | शान्ती सुन्दर आधारभूत विद्यालय खार्बन सल्यान | २ | २ | ० | ४ | १ |
| 6 | नेपाल राष्ट्रिय मा.वि छापडाँडा सल्यान | ३ | १ | ० | ४ | १ |
| 7 | हिमालय आ.वि. डाँडाकटेरी सल्यान | ४ | ० | ० | ४ | १ |
| 8 | हिमालय आधारभूत विद्यालय माझखर्क सल्यान | ३ | १ | ० | ४ | १ |
| 9 | बालकल्याण आधारभूत विद्यालय फलाँटे सल्यान | ३ | ० | ० | ३ | २ |
| 10 | शान्ती आ.वि.कागखोला सल्यान | २ | १ | ० | ३ | १ |
| 11 | युवा जनता आ. वि रीमटाकुरा सल्यान | २ | १ | ० | ३ | १ |
| 12 | शान्ती आ.वि.उपल्लो बाँझकाँडा सल्यान | २ | १ | ० | ३ | १ |
| 13 | जनसेवा आधारभूत विद्यालय सागिने सल्यान | २ | १ | ० | ३ | १ |
| 14 | जनता कालिका आ.वि. चिनाली सल्यान | २ | १ | ० | ३ | १ |
| 15 | महेन्द्र आ.वि.सालघारी सल्यान | १ | १ | १ | ३ | १ (गा. पा.) |
| 16 | जागृती आ.वि. धानेटाकुरा सल्यान | 0 | ३ | 0 | ३ | १ ( गा. पा) |
| 17 | सरस्वती आ.वि.हम्पाल सल्यान | 0 | ३ | 0 | ३ | १ गा. पा |
| 18 | विष्णु आ.वि.खानिगाउँ सल्यान | १ | २ | 0 | ३ | १ (गा. पा.) |
| 19 | तारादेवी आ.वि.दह सल्यान | ० | ३ | ० | ३ | १ |
| 20 | पशुपति आ.वि.बाँझकाँडा सल्यान | १ | १ | ० | २ | १ |
| 21 | बाल उद्यान करेन्जी सल्यान | ० | ० | ० | ० | १ |
| 22 | वालविकास आ. वि राम्री( बालविकास) सल्यान | ० | ० | ० | ० | १ |
| 23 | सरस्वति आ. वि घरेली सल्यान | ० | ० | २ | २ | १ गा. पा |
| 24 | कैलाश आ. वि देउराली खेत सल्यान | ० | ० | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 25 | भगवति आ. वि कुखुरेखोर सल्यान | ० | ० | १ | १ | १ |
| 26 | कालिका वालविकास देबीधर्का | ० | ० | ० | ० | १ |
| | **जम्मा** | **४०** | **२५** | **६** | **७१** | **२७** |

**आधारभुत तह ६–८ दरबन्दी तेरिज**

| क.सं. | विद्यालयको नाम | विषय | दरबन्दी मिलान पछि कायम हुने विषयगत दरबन्दी/ अनुदान संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | शिक्षण सहयोग अनुदान | गाउँपालिका अनुदान |
| 1 | महेन्द्र आदर्श मा.वि. बाँझकाँडा | नेपाली | १ | | | |
| | | अग्रेजी | | | | १ |
| | | गणित /विज्ञान | १ | | | |
| | | सामाजिक | १ | | | |
| 2 | सिद्ध मा.वि. भडारे | नेपालि | | १ | | |
| | | अंग्रजी | ० | ० | ० | १ |
| | | गणित /विज्ञान | | १ | | |
| | | सामाजिक | | | | |
| 3 | देउराली मा.वि. कालालेख | नेपाली | | १ | | |
| | | अंग्रेजी | १ | | | |
| | | गणित /विज्ञान | १ | | | |
| | | सामाजिक | | | | १ |
| 4 | शान्ति सुन्दर मा.वि.खार्वन | नेपाली | ० | | | |
| | | अंग्रजी | | १ | | |
| | | गणित /विज्ञान | | | १ | |
| | | सामाजिक | | | | १ |
| 5 | नेपाल राष्ट्रिय मा.वि.छापडाँडा | नेपालि | | १ | | |
| | | अंग्रेजी | | १ | | |
| | | गणित /विज्ञान | | ० | | १ |
| | | सामाजिक | | | | १ |
| 6 | निराजन मा.वि. ढोरचौर | नेपाली | | | | १ |
| | | अंग्रेजि | | १ | | |
| | | गणित | १ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | /विज्ञान | | | | |
| | | सामाजिक | | १ | | |
| 7 | हिमालय आ.वि. माझखर्क | नेपाली | | | | १ |
| | | अंग्रेजी | | | १ | |
| | | गणित /विज्ञान | | | | |
| | | सामाजिक | | | | १ |
| 8 | वालकल्याण आ.वि. फलाटे | नेपाली | | | | १ |
| | | अंग्रेजी | | | १ | |
| | | गणित /विज्ञान | | | | १ |
| | | सामाजिक | | | | |
| 9 | जनसेवा आ.वि. सागिने | नेपाली | | | | १ |
| | | अंग्रेजी | | | | १ |
| | | गणित /विज्ञान | | | १ | |
| | | सामाजिक | | | | १ |
| 10 | हिमालय आ.वि. डाँडाकटेरी | नेपाली | | | | १ |
| | | अंग्रेजी | | | | १ |
| | | गणित /विज्ञान | | | | |
| | | सामाजिक | | | | १ |
| 11 | जनता कालिका आ.वि. चिनाली | नेपाली | | | | १ |
| | | अंग्रेजी | | | | १ |
| | | गणित /विज्ञान | | | १ | |
| | | सामाजिक | | | | १ |
| | जम्मा | | | ७ | ५ | २० |

## मावि तह ९–१० को दरबन्दी तेरिज

| क.सं. | विद्यालयको नाम | विषय | दरबन्दी मिलान पछि कायम हुने विषयगत दरबन्दी/अनुदान कोटा संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | शिक्षण सहयोग अनुदान | गाउँपालिका अनुदान |
| 1 | श्री महेन्द्र आदर्श माध्यमिक विद्यालय बाँझकाँडा | नेपाली | | | | |
| | | अंग्रेजी | | १ | | |
| | | गणित | | १ | | |
| | | विज्ञान | | १ | | |
| | | सामाजिक | | | | १ |
| 2 | श्री निराजन माध्यमिक विद्यालय ढोरचौर | नेपालि | | | | १ |
| | | अंग्रजी | | १ | | |
| | | गणित | | | १ | |
| | | विज्ञान | | | १ | |
| | | सामाजिक | | | | १ |
| 3 | श्री देउराली माध्यमिक वियालय कालालेख | नेपाली | | | | १ |
| | | अंग्रेजी | | १ | | |
| | | गणित | | | | १ |
| | | विज्ञान | | १ | | |
| | | सामाजिक | | | | १ |
| 4 | श्री सिद्ध माध्यमिक वियालय भडारे सल्यान | नेपाली | | | | १ |
| | | अंग्रजी | | | १ | |
| | | गणित | | | | १ |
| | | विज्ञान | | | | १ |
| | | सामाजिक | | | | १ |
| 5 | श्री शान्ति सुन्दर माध्यमिक वियालय खार्वन सल्यान | नेपालि | | | | १ |
| | | अंग्रेजी | | | १ | |
| | | गणित | | | | १ |
| | | वीज्ञान | | | १ | |
| | | सामाजिक | | | | १ |
| 6 | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय छापडाँडा सल्यान | नेपाली | | | | १ |
| | | अंग्रेजी | | | १ | |
| | | गणित | | | | १ |
| | | विज्ञान | | | | १ |
| | | सामाजिक | | | | १ |
| | **जम्मा** | | ० | ६ | ६ | १७ |

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिकाको वडा नं ५ मा रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालय शौचालय निर्माण गर्नका लागि सिद्ध कुमाख गाउँपालिका, सुस्वा आयोजना अन्तर्गत बार्षिक कार्यक्रममा विनियोजित रकम सो शौचालय निर्माण कार्यका लागि अपुग भएकाले, अपुग रकम रु ८,२८,५७१। (अक्षरुपी आठ लाख अठ्ठाइस हजार पाँच सय एकहत्तर रुपैयाँ मात्र ) गाउँपालिकाको **विभिन्न निकाय सँग साझेदारीका लागी कोष** शिर्षक अन्तरगत विनियोजित रकम मध्यबाट साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गत वडा नं ५ मा रहेको स्वास्थ्य चौकी चाँदेमा बर्थिङ सेन्टर सुदृढीकरण कार्यक्रमका लागी जम्मा लागत अनुमान रु २३,३६,१६७ को पचास प्रतिशतले हुन आउने रु ११,६८,०८५।५० One Heart संस्थाको तर्फबाट साझेदारी गर्ने प्रतिबद्धता ब्यक्त भइ सकेकोले पचास प्रतिशतले हुन आउने रकम रु ११,६८,०८५।५० बजेट सिद्ध कुमाख गाउँपालिकाको तर्फबाट विभिन्न संस्थाहरु सँग साझेदारी कोष अन्तरगत विनियोजित बजेट शिर्षकबाट साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | चन्द्राराम बुढाथोकी | सिद्ध कुमाख गाउँपालिका-३ सल्यान | फोक्सो र हड्डीको क्यान्सर पिडित | रु १५ हजार मात्र |
| २ | मोतिराम बोहरा | सिद्ध कुमाख गाउँपालिका-५ सल्यान | अज्ञात रोगका कारण भैसीको मृत्यू भएको | रु १५ हजार मात्र |
| ३ | धनी यरी | सिद्ध कुमाख गाउँपालिका-५ सल्यान | घरमा ३ जना बच्चा अपाङ्ग र विपन्न परिवार | रु १५ हजार मात्र |

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिका चालु आव २०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरु संचालन गर्न मिति २०८० असोज मसान्तसम्म उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९:**

सिद्ध कुमाख गाउँपालिकामा तपशिल बमोजिमका कर्मचारी करार तथा ज्यालादारीमा राख्ने निर्णय गरियो ।

क. सिद्ध कुमाख गाउँपालिकाको आव २०८०/८१ मा सशर्त बजेट तथा कार्यक्रम अन्तर्गत कृषि स्नातक भर्नाको लागि बजेट विनियोजन भएकोले कृषि स्नातक छैठौं तह संख्या एक (१) करारमा विज्ञापन गर्ने निर्णय गरियो ।

ख. सिद्ध कुमाख गाउँपालिकाको कार्यालयमा कामकाज गर्नको लागि कार्यालय सहयोगी आवश्यक परेको हुनाले कार्यालय सहयोगी संख्या एक (१) ज्यालादारीमा नियुक्ती गरी कामकाजमा लगाउने निर्णय गरियो ।

ग. सिद्ध कुमाख गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षको कार्य प्रभावकारिता अभिवृद्धि र सञ्चार समन्वय गर्नको लागि १/१ जना प्रेस सल्लाहकार सेवा परामर्श मार्फत मासिक रु २० हजार दिनेगरी नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकामा आव २०८०/८१ मा कर्णाली प्रदेश सरकार मूख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत योजनाहरु मध्ये देहायका योजना संशोधन गर्नुपर्ने देखिएकोले मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

तपशिलः

| सि.न. | साविकको योजनाको नाम | संशोधन गर्नेपर्ने योजनाको नाम | विनियोजन बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | नौधारी पुछारको सिचाई कुलो निर्माण योजना वडा नं ४ | नौधारी माझ सिचाई कुलो निर्माण योजना वडा नं ४ | रु १५ लाख | |

**निर्णय नं ११:**

यस सिद्ध कुमाख गाउँपालिका कार्यालय उपर गुमाने कामि समेतको सल्यान जिल्ला अदालतमा सुविधाभारको प्रयोग मुद्धा दायर गरेकोले उक्त मुद्धामा सिद्ध कुमाख गाउँपालिकाको तर्फबाट प्रतिउत्तर फिराउन र तारेखमा रहि हाजिर हुन सल्यान जिल्ला शारदा नगरपालिका वडा नं ३ बस्ने वर्ष ४५ की **पालना राईलाई** अख्तियारीनामा दिइ पठाउने निर्णय गरियो ।

**निर्णय नं १२**

सिद्ध कुमाख गाउँपालिकामा सामाजिक सुरक्षा प्राप्त गर्ने सेवाग्राहीहरुलाई सहज रुपमा सेवा प्रदान गर्नको लागि वडा नं ३ बाहेक अन्य वडाहरुमा लक्ष्मी सनराइज बैक लिमिटेडसँग आवश्यक समन्वय गरी वडा कार्यालयबाट भत्ता वितरण गर्ने निर्णय गरियो ।साथै सामाजिक सुरक्षा वितरण कार्यमा बैंक कर्मचारी खटनपटन गर्दा यातायातको व्यवस्था गाउँपालिकाले गर्ने निर्णय गरियो ।